# छाउपडी प्रथाजन्य कुरीति उन्मुलन नीति, २०७६

१. **पृष्ठभूमीः-**

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त मुलुक हो । नेपालीहरुको जीवनशैलीलाई धर्म र संस्कृतिले अत्याधिक प्रभाव पार्नुका साथै कतिपय प्रथा परम्परामा समेत धर्मको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । सामान्यतया महिनावारी **वा सुत्केरी** हुँदा नेपालको अधिकांश भूभागमा महिलालाई अशुद्ध मानी नछुने वा बार्ने प्रचलन रहेको छ । छाउपडी प्रथाजन्य कुरीतिको नाममा सुदूरपश्चिम प्रदेशका केही क्षेत्रहरुमा महिनावारी **वा सुत्केरी** भएका महिलालाई अशुद्ध मानी घरभन्दा टाढा सानो छाउगोठमा राखिने परम्परा रहेको छ । यो प्रथा धर्मको आडमा हुने सामाजिक कुरीति हो । धार्मिक अन्धविश्वासको कारण सुदूरपश्चिमका केही क्षेत्रमा व्याप्त रहेको शताब्दियौ पुरानो यस प्रथालाई डडेल्धुरा, बैतडी र दार्चुलामा "छुई" "छाउ" वा "बाहिर हुनु" भनिन्छ भने अछाममा "छाउपडी" र बझाङ्गमा "छाउकुल्ला" वा "छाउकुडी" भन्ने प्रचलन पनि रहेको छ । यस प्रथाले महिलाहरुको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, समानताको अधिकार, स्वतन्त्रताको अधिकार, पोषणयुक्त खाना खान पाउने अधिकार, स्वच्छ वातावरणमा बस्न पाउने अधिकार, सुरक्षित आवासको अधिकार समेत कुण्ठित हुन पुगेको छ ।

सुदूरपश्चिम प्रदेशका केही क्षेत्रहरुमा महिलाहरुले **सुत्केरी हुँदा वा** महिनावारी हुँदा छाउगोठमा बस्नुपर्ने, सार्वजनिक स्थानको प्रयोग र प्रवेशमा बन्देज लगाउने, दुग्धजन्य पदार्थ खान नदिने, गाईवस्तु, बालीनाली, रुखबिरुवा तथा व्यक्ति छुन नदिने, सामाजिक, सांस्कृतिक तथा धार्मिक क्रियाकलापमा सहभागिता नगराउने, विद्यालय जानबाट बन्चित गर्ने मान्यताका कारण महिला विरुद्ध भेदभावपूर्ण व्यवहार हुने तथा विभिन्न किसिमका हिंसावाट पीडित हुने गरेका छन् । यसबाट महिलाहरुको आत्मसम्मान तथा स्वास्थ्यमा समेत गम्भीर असर परिरहेको अवस्था छ । नेपालको संविधानले समाजमा विद्यमान धर्म, प्रथा, परम्परा र संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने उद्घोष गरेको छ । त्यसैले यस्ता कुप्रथाको उन्मुलन गरी समतामूलक समाजको निमाण गर्न आवश्यक भएकोले यो नीति तर्जुमा गरिएको छ । छाउपडी प्रथाजन्य कुरीति उन्मुलन सम्बन्धमा बनेको यो प्रादेशिक नीति, अन्तरसम्बन्धित विषयको क्षेत्रगत नीतिको रुपमा रहनेछ ।

२. **समीक्षाः-**

महिलाको मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी एवं संस्थागत व्यवस्थाहरु रहेका छन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने कुरा उल्लेख छ । महिला विरुद्धका सबै प्रकारका भेदभावको अन्त्य गर्ने महासन्धी, १९७९ ले महिलाहरुमाथि सांस्कृतिक रुपमा हुने विभेद अन्त्य गर्ने साथै महिला र पुरुषहरुको समानताका आधारमा मानव अधिकार र स्वतन्त्रताको उपभोग गर्ने कुरालाई प्रत्याभूति गर्नका लागि राजनीतिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा हुने विभेदलाई अन्त्य गर्न कानूनी व्यवस्थाको संरक्षण गर्ने दायित्व राज्यलाई सुम्पेको छ । महिला विरुद्धका सबै प्रकारको भेदभाव अन्त्य गर्ने महासन्धीको नेपाल पक्ष राष्ट्र भएकाले महिलाहरुमाथि अन्याय र हिंसा हुने प्रकारका कुप्रथा र प्रचलनहरुलाई हटाउनु प्रमुख दायित्व हुन्छ ।

नेपाल Convention on the Elimination of all Forms of Discrimination Against Women (CEDAW) को पक्षराष्ट्र भई महिला बिरुद्धका सवै प्रकारका बिभेद अन्त्य गर्ने प्रतिवद्धता जाहेर गरेको छ । त्यसैगरी नेपालको संविधानको प्रस्तावनाले नागरिकका आधारभूत मानव अधिकारको सुरक्षा गर्ने, कानूनी राज्य स्थापना गर्ने र आर्थिक तथा सामाजिक न्याय समेतको सुनिश्चितता गर्दै समतामुलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको धारा २९(२) मा धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमको शोषण गर्न नपाउने कुरा उल्लेख छ । संविधानको धारा ३८ (२) र (३) मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने र महिलाबिरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भन्ने समेत ब्यवस्था रहेको छ । सोही संविधानको धारा ३९(२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुने प्रावाधान रहेको छ । त्यसैगरी संविधानको धारा ५१(ग) को देहाय (५) मा समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने नीति राज्यले लिएको छ । साथै घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना दिने कार्यलाई दण्डनीय बनाएको छ । मुलूकी अपराध संहिता, २०७४ को दफा १६८(३) ले महिलाको महिनावारी वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्न गराउन नहुने र त्यस्तो कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ । छाउपडी सम्बन्धमा सर्वोच्च अदालतले **दिलबहादुर विश्वकर्मा विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** भएको मुद्दामा वि.सं. २०६२ साल बैशाख १९ गते छाउपडी प्रथालाई एकमहिना भित्र कुप्रथा घोषणा गर्न नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी समेत गरेको र सोही अनुरुप नेपाल सरकारले मिति २०६३ बैशाख २६ गते यस प्रथालाई कुरीति घोषणा गरिसकेको छ । त्यसैगरी नेपाल सरकारले छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४ जारी गरेको अवस्था छ ।

उल्लिखित संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाका बाबजुद यस प्रदेशका केही क्षेत्रमा हालसम्म पनि छाउपडी प्रथाजन्य कुरीति उन्मुलन हुन सकेको छैन । तसर्थ, यस प्रथालाई क्रमशः न्यूनीकरण गर्दै उन्मुलन गर्न प्रदेश सरकारले छाउपडी प्रथाजन्य कुरीति उन्मुलन सम्बन्धी नीति तर्जुमा गर्न वान्छनीय भएको छ ।

## ३. समस्या तथा चुनौतीहरु

नेपालको सुदूरपश्चिम प्रदेशको केही क्षेत्रमा सामाजिक, धार्मिक, सांस्कृतिक परम्पराका आधारमा महिनावारी **वा सुत्केरी** भएका महिलाहरुलाई विभेद गरी उनीहरुको आत्मसम्मानमा आँच पुर्‍याउने कार्य हुँदै आएको छ । धर्म संस्कृतिको आडमा महिलाहरुमाथि गरिने यस्ता अमानवीय व्यवहारहरु मानव अधिकारका बर्खिलाप छन् । महिलाहरुलाई महिनावारी **वा सुत्केरी** भएपछि घरको जग, चुल्हो, पूजाकोठा तथा सार्वजनिक धारा, पानी पँधेरो छुन नहुने, छाउगोठमा बस्नुपर्ने, दुग्धजन्य पदार्थ खानबाट बञ्चित हुनुपर्ने, विद्यालयको पठनपाठनमा सहभागी हुन नपाईने एवं सामाजिक, धार्मिक, सांस्कृतिक कार्यक्रमहरुमा

सहभागी हुन नपाइने बाध्यता रहेको छ । यसबाट अध्ययन, रोजगारी, राजनीतिक, सामाजिक अवसरबाट बञ्चित हुनुका साथै बलात्कार, हत्या, शर्पदंश, जंगली जनावरको आक्रमणमा परेर तथा छाउगोठमा निसास्सिएर, कठ्याङ्ग्रिएर ज्यान गुमाउनु परेको अवस्था छ । छाउपडी प्रथाजन्य कुरीतिप्रति रहेको पूरातन विश्वास, मान्यता र सोचमा परिवर्तन ल्याउने, महिलाको मानव अधिकारको प्रत्याभूती गर्दै समतामूलक समाज निर्माण गर्ने, महिलाको हक अधिकारको सम्मान गर्ने, संविधान तथा कानूनको प्रभावकारी कार्यान्वयन गरी सदियौंदेखि धार्मिक, सास्कृतिक, सामाजिक परम्परामा समेत जरा गाडिसकेको छाउपडी प्रथाजन्य कुरीतिको तत्काल उन्मुलन गर्ने कार्य चुनौतीपूर्ण छ ।

छाउपडी प्रथाजन्य कुरीति उन्मुलन गर्ने कार्य बहुसरोकारको विषय भएको हुँदा सम्बद्ध सबै सरोकारवालाहरुको समझदारी, समन्वय र सहकार्य जरुरी छ । महिनावारी **तथा सुत्केरी** सम्बन्धमा छुवाछुत एवं भेदभावजन्य व्यवहार सामाजिक र परिवारिक विषय भएको हुँदा लक्षित समुदाय वा क्षेत्र किटान गरी कार्यक्रम संचालन गर्नु पर्दछ । महिनावारी **तथा सुत्केरी**को विषयलाई नितान्त महिलासम्बन्धी समस्या र विषय ठान्ने लैङ्गिक विभेदपूर्ण चिन्तनमा परिवर्तन ल्याउने साथै पूरातन सोंच, शैली र व्यवहारमा रुपान्तरण गर्ने कार्य चुनौतीपूर्ण रहेको देखिन्छ । यी चुनौती र समस्याहरुका बावजुद प्रत्येक व्यक्ति, टोल, समुदायमा चेतना पुऱ्याउने, धामीझाँक्री, पण्डित/पुरोहित तथा अगुवाहरुलाई परिचालन गर्ने, जनप्रतिनिधीहरुलाई समाज रुपान्तरण अभियानमा परिचालन गर्ने, विद्यालयमा पठन पाठनको व्यवस्था गर्ने एवं प्रचलित कानूनी व्यवस्था कार्यान्वयनमा सहजिकरण गर्दै छाउपडी प्रथाजन्य कुरीतिका अवशेषहरुलाई क्रमशः न्यूनिकरण गर्दै उन्मुलन गर्न यो नीति जारी गरिएको छ ।

४. <u>अवसर</u>

मानव अधिकारमुखी संविधान, महिला अधिकार एवं सशक्तिकरणमुखी अभियान तथा समावेशी राष्ट्रिय अन्तराष्ट्रिय अभियान तथा प्रतिबद्धता, नारी पुरुषको समान सहभागिता र एक अर्काको सम्मानजनक व्यवहारबाट नै समृद्ध समाज निर्माण हुन सक्ने विश्वास, छाउपडी प्रथालाई कुरीतिको रुपमा कानूनमा नै व्यवस्था गरी दण्डनीय बनाइएको अवस्था, स्थानीय तहको अग्रसरता लगायतका संस्थागत तथा कानूनी व्यवस्थाहरुले छाउपडी प्रथाजन्य कुरीतिलाई उन्मुलन गर्ने अवसर सिर्जना गरेको छ ।

५. <u>दीर्घकालीन सोंच</u>

महिलाको मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको लागि महिला विरुद्धको विभेदको अवशेषको रुपमा रहेको छाउपडी प्रथाजन्य कुरीतिको अन्त्य गरी मर्यादित र समतामूलक समाजको निर्माण गर्ने ।

६. <u>लक्ष्यः-</u>

छाउपडी प्रथाजन्य कुरीति उन्मुलनको लागि संघ, प्रदेश र स्थानीय तहवीच समन्वय, सहकार्य र सहभागिता बढाई लैङ्गिक सम्वेदनशील संस्कृतिको विकास गर्ने ।

७. <u>उद्देश्यः-</u>

७.१ शिक्षा तथा जनचेतनाको अभिवृद्धि गरी छाउपडी प्रथाजन्य पूरातन रुढीवादी अन्धविश्वास, मान्यता, प्रचलन, सोच र अभ्यासमा परिवर्तन ल्याई महिला अधिकारको सम्मान, संरक्षण र परिपूर्ति हुने वातावरण तयार गर्ने ।

७.२ महिलाको महिनावारी **र सुत्केरी**को सन्दर्भमा रहेको पूरातन रुढीवादी अन्धविश्वास, मान्यता, प्रचलन, सोच र अभ्यासलाई निरुत्साहित गर्दै छाउपडी प्रथाजन्य कुरीति उन्मुलन गर्ने ।

## ८. नीतिः-

**८.१. शिक्षा तथा जनचेतनाको अभिवृद्धि गरी छाउपडी प्रथाजन्य पूरातन रुढीवादी अन्धविश्वास, मान्यता, प्रचलन, सोच र अभ्यासमा परिवर्तन ल्याई महिला अधिकारको सम्मान, संरक्षण र परिपूर्ति हुने वातावरण तयार गर्ने उद्देश्यसँग सम्बन्धित नीतिः**

८.१.१. छाउपडी प्रथाजन्य कुरीति सम्बन्धी विषयवस्तुका सम्वन्धमा जनचेतना अभिवृद्धि गर्न माध्यामिक तहमा हरेक विद्यालयहरुले छाउपडी प्रथाजन्य कुरीति उन्मुलनको विषयमा अनिवार्य रुपमा पठनपाठन गर्ने गराउने व्यवस्था गरिनेछ ।

८.१.२. छाउपडी प्रथाजन्य कुरीति उन्मुलन अभियानमा पूरोहित, धामी, झाक्री, महिला स्वयंसेविका र अन्तरपार्टी महिला सञ्जाल, आमा समूह, युवा क्लब, बाल क्लब लगायतका गैर सरकारी संघ संस्था, सार्वजनिक निर्माण कार्यका लागि गठित उपभोक्ता समिति, समूहलाई अधिकतम् रुपमा परिचालन गरिनेछ ।

८.१.३. हरेक व्यक्ति, परिवार र समुदायलाई सशक्तिकरण गर्दै रुपान्तरित व्यक्ति, समूह र समुदायलाई पहिचान, प्रोत्साहन र परिचालन गरिनेछ ।

८.१.४. महिनावारी र **सुत्केरी भएको समयमा** प्रयोग हुने आधारभूत आवश्यकताका सामग्रीको उत्पादनमा कर छुटका लागि नेपाल सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

८.१.५. महिनावारी **र सुत्केरी** भएका महिलाहरुका लागि स्थानीय स्वास्थ्य संस्थाहरुमा मनो-सामाजिक परामर्श कक्ष स्थापना र सञ्चालन गरिनेछ ।

८.१.६. सरकारी, सार्वजनिक, नीजि, सहकारी तथा अन्य संगठित संघसंस्थामा महिनावारी वा **सुत्केरी भएको समयमा प्रयोगमा आउने** सामग्रीको व्यवस्थापन गरिनेछ ।

८.१.७. छाउपडी प्रथाजन्य कुरीतिबाट प्रभावित महिला तथा बालबालिकाहरुको स्वास्थ्य तथा पोषण सम्बन्धमा जनजेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

८.१.८. प्रत्येक घरपरिवार, वडा, गाउँपालिका तथा नगरपालिका र जिल्लालाई छाउपडी प्रथाजन्य कुरीति मुक्त घोषणा गर्ने अभियान संचालन गरिनेछ ।

८.१.९. छाउपडी प्रथाजन्य कुरीतिको अन्त्य गर्ने अभियानमा महत्वपूर्ण योगदान गर्ने व्यक्ति, संघसंस्था, स्थानीय तहलाई उचित प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

८.१.१०. छाउपडी प्रथाजन्य कुरीतिको न्यूनिकरण र महिलाको प्रजनन स्वास्थ्य लगायतका मानव अधिकारको संरक्षण भए नभएको नियमित रुपमा अनुगमन गरिने व्यवस्था मिलाइनेछ ।

८.१.११. सार्वजनिक पद धारण गरेका पदाधिकारी, राजनीतिक पार्टीका पदाधिकारी, जनप्रतिनिधी, कर्मचारी, शिक्षक, सुरक्षा निकायका पदाधिकारी, गैर सरकारी संस्था लगायतका पदाधिकारीहरुले छाउपडी प्रथाजन्य कुरीतिका विरुद्धमा सार्वजनिक रुपमा घोषणा गर्ने व्यवस्था मिलाइनेछ ।

**८.२ महिलाको महिनावारी वा सुत्केरी भएको अवस्थाको सवालमा रहेको पूरातन रुढीवादी अन्धविश्वास, मान्यता, प्रचलन, सोच र अभ्यासहरुलाई निरुत्साहित गर्दै छाउपडी प्रथाजन्य कुरीति उन्मुलन गर्ने उद्देश्यसँग सम्बन्धित नीतिः**

८.२.१. छाउपडी प्रथाजन्य कुरीति विरुद्ध मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ मा रहेको कानूनी व्यवस्था तथा अन्य प्रचलित कानूनमा रहेका व्यवस्थाहरुलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

८.२.२. राज्यकोषबाट तलब भत्ता एवं सेवा सुविधा लिने तर छाउपडी प्रथाजन्य कुरीतिको पृष्ठपोषण हुने गरी आचरण र व्यवहार गर्ने एवं गर्न लगाउने, त्यस्तो आचरण र व्यवहारलाई प्रश्रय दिने जनप्रतिनिधि, सार्वजनिक पदाधिकारी, निजामती कर्मचारी, शिक्षक लगायतका राष्ट्रसेवकहरुलाई उनीहरुले पाईरहेको पारिश्रमिक र सेवा सुविधामा कटौती गर्ने वा रोक लगाइनेछ ।

८.२.३. छाउपडी प्रथाजन्य कुरीतिलाई प्रश्रय दिने व्यक्ति, परिवार तथा संघसंस्थालाई प्रदेश तथा स्थानीय तहले प्रवाह गर्ने सेवा सुविधा तथा दिइने अनुदानमा कटौती गर्ने वा रोक लगाइनेछ ।

८.२.४. छाउपडी प्रथाजन्य कुरीतिलाई प्रश्रय दिएको व्यक्ति, परिवार संघसंस्था विरुद्ध विभिन्न माध्यमद्वारा उजूरी एवं सूचना गर्न व्यवस्था गरिनेछ ।

## ९. कार्यनीति

९.१.१. यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्रदेश कानूनको तर्जुमा गरिनेछ ।

९.१.२. प्रदेश सरकार र स्थानीय तहले यस नीतिका प्रावधानहरु आवधिक योजना, नीति तथा कार्यक्रम र बार्षिक बजेट मार्फत कार्यान्वयनको व्यवस्था मिलाउनेछ ।

९.१.३. सामाजिक विकास मन्त्रालय र स्थानीय तहका न्यायिक समितिहरु यस नीतिको कार्यान्वयनको लागि जिम्मेवार निकाय हुनेछन् ।

९.१.४. छाउपडी प्रथाजन्य कुरीति उन्मुलन अन्तरसम्बन्धित विषय भएकाले संघीय सरकारी निकाय, प्रदेशका सम्बन्धित विषयगत मन्त्रालय तथा मातहतका निकायहरु र स्थानीय तहहरुले यस नीतिको कार्यान्वयनमा आवश्यक समन्वय र सहयोग पुऱ्याउनेछन् ।

९.१.५. प्रत्येक स्थानीय तहले कार्ययोजना बनाई यस नीतिको कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउनेछ ।

## १०. संस्थागत व्यवस्था

यस नीतिको कार्यान्वयनमा प्रदेश स्तरबाट सुपरिवेक्षण र निर्देशन गर्न, जिल्लास्तरबाट अनुगमन तथा सहजिकरण गर्न र स्थानीय तहबाट कार्यक्रम तर्जुमा कार्यान्वयन र प्रतिवेदन गर्न देहाय बमोजिमका समितिहरु रहनेछन्:

### १०.१ प्रदेश सुपरिवेक्षण तथा निर्देशन समिति

(क) मुख्यमन्त्री -संयोजक

(ख) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) मन्त्री, भौतिक पूर्वाधार बिकास मन्त्रालय -सदस्य

(ङ) मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(च) मन्त्री, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय -सदस्य

(छ) मन्त्री, सामाजिक बिकास मन्त्रालय -सदस्य

(ज) प्रदेश सभाको बिपक्षी दलको नेता -सदस्य

(झ) प्रदेश सभाका विषयगत समितिका सभापतिहरु -सदस्य

(ञ) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ट) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य सचिव

**१०.२.१ जिल्ला अनुगमन तथा सहजीकरण समिति**

(क) प्रमुख, जिल्ला समन्वय समिति -संयोजक

(ख) उपप्रमुख, जिल्ला समन्वय समित -सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी -सदस्य

(घ) प्रमुख, जिल्ला प्रहरी कार्यालय -सदस्य

(ङ) प्रमुख, स्वास्थ्य कार्यालय -सदस्य

(च) प्रमुख, शिक्षा बिकास तथा समन्वय इकाई -सदस्य

(छ) अध्यक्ष, जिल्ला अन्तरपार्टी महिला सञ्जाल -सदस्य

(ज) जिल्ला समन्वय अधिकारी -सदस्य सचिव

१०.२.२ उल्लिखित समितिमा सम्बन्धित निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्ने प्रतिनिधि सभाका सदस्य, राष्ट्रिय सभाका सदस्य र प्रदेश सभाका सदस्यहरुलाई विशेष आमन्त्रित गर्न सकिनेछ ।

**१०.३ गाँउ तथा नगरपालिका स्तरीय कार्यान्वयन समिति**

(क) अध्यक्ष वा प्रमुख, सम्बन्धित स्थानीय तह -संयोजक

(ख) उपाध्यक्ष वा उपप्रमुख, सम्बन्धित स्थानीय तह -सदस्य

(ग) प्रमुख, सम्बन्धित स्थानीय तहको प्रहरी कार्यालय -सदस्य

(घ) प्रमुख, अस्पताल/स्वास्थ्य चौकी/ उपस्वास्थ्य चौकी सम्बन्धित स्थानीय तह -सदस्य

(ङ) अध्यक्ष, गाँउ/नगर अन्तरपार्टी महिला सञ्जाल -सदस्य

(च) प्रधानाध्यापक, सम्बन्धित स्थानीय तहका माध्यामिक विद्यालयका प्रधानाध्यापकहरु मध्ये समितिले तोकेको एकजना -सदस्य

(छ) महिला अधिकारका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाका प्रमुखहरु मध्येबाट समितिले तोकेको एकजना प्रतिनिधि -सदस्य

(ज) बाल संजाल/बालक्लब / आमा समूह/महिला स्वयंसेविका मध्येबाट समितिले तोकेको एकजना प्रतिनिधि -सदस्य

(झ) स्थानीय धामीझाँक्री र पूरोहितहरु मध्येबाट समितिले तोकेको एकजना प्रतिनिधि -सदस्य

(ञ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

**१०.४ वडास्तरीय कार्यान्वयन समिति**

(क) वडाध्यक्ष, स्थानीय तहको सम्बन्धित वडा -संयोजक

(ख) वडाका महिला सदस्यहरुमध्येबाट संयोजकले तोकेको एकजना -सदस्य

(ग) सम्बन्धित वडामा रहेको स्वास्थ्य संस्थाको प्रमुख -सदस्य

(घ) प्राधानाध्यापक, सम्बन्धित वडाका सामूदायिक विद्यालयबाट समितिले तोकेको एक जना -सदस्य

(ङ) महिला अधिकारका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाका प्रमुखहरु मध्येबाट समितिले तोकेको एकजना प्रतिनिधि -सदस्य

(च) आमा समूह/बालक्लब /महिला स्वयंसेविका मध्येबाट समितिले तोकेको एकजना प्रतिनिधि -सदस्य

(छ) स्थानीय धामी, झाँक्री र पूरोहितहरु मध्येबाट समितिले तोकेको एकजना प्रतिनिधि -सदस्य

(ज) सम्बन्धित वडाको सचिव -सदस्य सचिव

**११. <u>अनुगमन र मूल्याङ्कनः-</u>**

११.१. यस नीति कार्यान्वयनको नियमित अनुगमनको जिम्मेवारी देहाय बमोजिमका निकाय, कार्यालयको हुनेछः-

(क) प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय

(ख) जिल्लास्तरमा जिल्ला समन्वय समितिको कार्यालय

(ग) स्थानीयस्तरमा सम्वन्धित स्थानीय तह

(घ) स्थानीय तहले जिल्ला समन्वय समितिमा र जिल्ला समन्वय समितिले सामाजिक विकास मन्त्रालय र सामाजिक विकास मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नीति अनुगमन तथा कार्यान्वयनको बार्षिक प्रतिवेदन बुझाउनु पर्नेछ ।

११.२. प्रदेश सरकारले स्थानीय तहसँगको समन्वयमा आवधिक रुपमा यस नीति प्रभावकारिताको मूल्याङ्कन गर्नेछ ।

**१२. <u>आर्थिक व्यवस्थापनः</u>**

यस नीतिको कार्यान्वयनको लागि आवश्यक स्रोत साधनको व्यवस्था प्रदेश सरकार र स्थानीय तहले गर्नुपर्नेछ ।

७. कार्ययोजनाः

| उद्देश्य | क्रियाकलाप | समयसीमा | जिम्मेवार निकाय | अपेक्षित परिणाम | सूचक |
|---|---|---|---|---|---|
| **शिक्षा तथा जनचेतनाको अभिवृद्धि गरी छाउपडी प्रथाजन्य पूरातन रुढीवादी अन्धविश्वास, मान्यता, प्रचलन, सोच र अभ्यासमा परिवर्तन ल्याई महिला अधिकारको सम्मान, संरक्षण र परिपूर्ति हुने वातावरण तयार गर्ने** | छाउपडी प्रथाजन्य कुरीति सम्बन्धी विषयवस्तुका सम्वन्धमा जनचेतना अभिवृद्धि गर्न माध्यामिक तहमा हरेक विद्यालयहरुले **छाउपडी प्रथाजन्य कुरीति उन्मुलनको विषयमा** अनिवार्य रुपमा पठनपाठन गर्ने, गराउने । | निरन्तर | सामाजिक विकास मन्त्रालय/स्थानीय तह/ सम्बन्धित विद्यालय व्यवस्थापन समिति | बिद्यार्थीमा चेतनाको अभिवृद्धि भएको हुने | बिद्यालयमा छात्राको नियमित उपस्थिति संख्या |
| | छाउपडी प्रथाजन्य कुरीति उन्मुलन अभियानमा पूरोहित, धामी, झाक्री, महिला स्वयंसेविका र अन्तरपार्टी महिला सञ्जाल, आमा समूह, युवा क्लब, बाल क्लब लगायतका गैर सरकारी संघ संस्था, सार्वजनिक निर्माण कार्यका लागि गठित उपभोक्ता समिति, समूहलाई अधिकतम् रुपमा परिचालन गर्ने । | निरन्तर | स्थानीय तह, जिल्ला समन्वय समिति | छाउपडी प्रथाजन्य कुरीति प्रतिको अन्धविश्वासमा कमी आएको हुने | छाउगोठको संख्या |
| | हरेक व्यक्ति, परिवार र समुदायलाई सशक्तिकरण गर्दै रुपान्तरित व्यक्ति, समूह र समुदायलाई पहिचान, प्रोत्साहन र परिचालन गर्ने । | निरन्तर | स्थानीय तह, जिल्ला समन्वय समिति | पहिचान, प्रोत्साहन तथा परिचालन भएको हुने | सामाजिक तथा धार्मिक क्रियाकलापमा महिला सहभागिता संख्या |
| | महिनावारी र सुत्केरी भएको समयमा प्रयोग हुने आधारभूत आवश्यकताका सामग्रीको उत्पादनमा कर छुटका | आ.व. २०७८/०७९ | सामाजिक विकास मन्त्रालय, आर्थिक मामिला तथा | स्थानीय उत्पादन एवं बजारीकरणमा अभिबृद्धि भएको हुने | सामग्रीको उपलव्धता |

| | | | | | |
|---|---|---|---|---|---|
| | लागि **नेपाल सरकारसँग आवश्यक समन्वय गर्ने ।** | | योजना मन्त्रालय र स्थानीय तह | | |
| | महिनावारी **तथा सुत्केरी** भएका महिलाहरुका लागि स्थानीय स्वास्थ्य संस्थाहरुमा मनो-सामाजिक परामर्श कक्ष स्थापना र सञ्चालन गर्ने। | एक बर्ष भित्र स्थापना र निरन्तर सञ्चालन | सामाजिक विकास मन्त्रालय र स्थानीय तह | मनो-सामाजिक समस्या सम्वोधन हुने | सेवाग्राही महिलाहरुको संख्या |
| | सरकारी, सार्वजनिक, नीजि, सहकारी तथा अन्य संगठित संघसंस्थाले महिनावारी वा सुत्केरी भएको समयमा प्रयोगमा आउने सामग्रीको व्यवस्थापन गर्ने। | निरन्तर | सरकारी, सार्वजनिक, नीजि, सहकारी तथा अन्य संगठित संघसंस्थाहरु | सामग्रीहरु उपलव्ध भएको हुने | प्रयोगकर्ताको संख्या |
| | छाउपडी प्रथाजन्य कुरीतिबाट प्रभावित महिला तथा बालबालिकाहरुको स्वास्थ्य तथा पोषण सम्बन्धमा जनजेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | सामाजिक बिकास मन्त्रालय, स्थानीय तह | स्वास्थ्य र पोषण सम्वन्धी सचेतना अभिबृद्धि भएको हुने | महिनावारी तथा सुत्केरीजन्य बिरामीको संख्या |
| | प्रत्येक घरपरिवार, वडा, गाउँपालिका तथा नगरपालिका र जिल्लालाई छाउपडी प्रथाजन्य कुरीति मुक्त घोषणा गर्ने अभियान संचालन गर्ने । | निरन्तर | प्रदेश सरकार, जिल्ला समन्वय समिति, स्थानीय तह, वडा समिति | छाउगोठ रहित समाजको निर्माण हुने | सर्भेक्षण प्रतिवेदन |
| | छाउपडी प्रथाजन्य कुरीतिको अन्त्य गर्ने अभियानमा महत्वपूर्ण योगदान गर्ने व्यक्ति, संघसंस्था, स्थानीय तहलाई | निरन्तर | सामाजिक बिकास मन्त्रालय, जिल्ला समन्वय समिति, | सम्मान/ कदरपत्र, नगद/जिन्सी पुरस्कार पाएको हुने | प्रोत्साहित भई अग्रसरतामा अभिबृद्धि |

| | | | | | |
|---|---|---|---|---|---|
| | उचित प्रोत्साहनको व्यवस्था गर्ने । | | स्थानीय तह | | |
| | छाउपडी प्रथाजन्य कुरीतिको न्यूनिकरण र महिलाको प्रजनन स्वास्थ्य लगायतका मानव अधिकारको संरक्षण भए नभएको नियमित रुपमा अनुगमन गर्ने | निरन्तर | सबै प्रादेशिक मन्त्रालय, जिल्ला समन्वय समिति, स्थानीय तह | यथार्थ जानकारी तथा पृष्ठपोषण प्राप्त हुने | प्रतिवेदन |
| | सार्वजनिक पद धारण गरेका पदाधिकारी, राजनीतिक पार्टीका पदाधिकारी, जनप्रतिनिधी, कर्मचारी, शिक्षक, सुरक्षा निकायका पदाधिकारी, गैर सरकारी संस्था लगायतका पदाधिकारीहरुले छाउपडी प्रथाजन्य कुरीतिका विरुद्धमा सार्वजनिक रुपमा घोषणा गर्ने | आ.ब. २०७७/०७८ | सामाजिक बिकास मन्त्रालय, जिल्ला समन्वय समिति, स्थानीय तह | छाउपडी प्रथाजन्य कुरीतिको विरुद्धमा जागरण आएको हुने | छाउगोठको संख्या |
| **महिलाको महिनावारी र सुत्केरी भएको अवस्थाको सवालमा रहेको पूरातन रुढीवादी अन्धविश्वास, मान्यता, प्रचलन, सोच र अभ्यासहरुलाई निरुत्साहित गर्दै छाउपडी प्रथाजन्य कुरीति उन्मुलन गर्ने** | छाउपडी प्रथाजन्य कुरीति विरुद्ध मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ मा रहेको कानूनी व्यवस्था तथा अन्य प्रचलित कानूनमा रहेका व्यवस्थाहरुलाई प्रभावकारी कार्यान्वयन गर्ने । | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्थानीय न्यायिक समिति | कानूनको प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने | उजुरीको संख्या र निरुपण |

| | | | | | |
|---|---|---|---|---|---|
| | राज्यकोषबाट तलब भत्ता एवं सेवा सुविधा लिने तर छाउपडी प्रथाजन्य कुरीतिको पृष्ठपोषण हुने गरी आचरण र व्यवहार गर्ने एवं गर्न लगाउने, त्यस्तो आचरण र व्यवहारलाई प्रश्रय दिने जनप्रतिनिधि, सार्वजनिक पदाधिकारी, निजामती कर्मचारी, शिक्षक लगायतका राष्ट्रसेवकहरुलाई उनीहरुले पाईरहेको पारिश्रमिक र सेवा सुविधामा कटौती गर्ने वा रोक लगाउने। | निरन्तर | संघ, प्रदेश र स्थानीय तह | पारिश्रमिक तथा सेवा सुविधामा कटौती भएको हुने | बिभिन्न निकायका प्रतिवेदनहरु |
| | छाउपडी प्रथाजन्य कुरीतिलाई प्रश्रय दिने व्यक्ति, परिवार तथा संघसंस्थालाई प्रदेश तथा स्थानीय तहले प्रवाह गर्ने सेवा सुविधा तथा अनुदानमा कटौती गर्ने वा रोक लगाउने । | निरन्तर | संघ, प्रदेश र स्थानीय सरकार | सेवा सुविधा तथा अनुदानमा कटौती भएको हुने | प्रतिवेदनहरु |
| | छाउपडी प्रथाजन्य कुरीतिलाई प्रश्रय दिएको व्यक्ति, परिवार संघसंस्था विरुद्ध बिभिन्न माध्यमद्वारा उजुरी तथा सूचना गर्ने व्यवस्था गर्ने । | निरन्तर | सामाजिक विकास मन्त्रालय, स्थानीय न्यायिक समिति, गाउँपालिका, नगरपालिकास्तरीय समिति, प्रहरी कार्यालय | उजुरी तथा सूचनाहरु प्राप्त भएको हुने | उजुरी संख्या |